नेपाल सरकार
सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. २०७४।७५
च.नं. २३४

मिति :- २०७४/०७/१७

**विषयः- अभिमुखीकरण कार्यक्रमको तालिका संसोधन गरिएको सम्बन्धमा ।**

**श्री जिल्ला समन्वय समितिको कार्यालय, प्रदेश नं १ र २**
**श्री स्थानीय तह, प्रदेश नं १ र २**

प्रस्तुत विषयमा यस मन्त्रालयको च.नं. १७ र १९ मिति २०७४/०४/०४ को आ.व. ०७३/७४ को वार्षिक आर्थिक विवरण लगायतका प्रतिवेदनहरु यस मन्त्रालयमा पेश गर्नका लागि समय तालिका सहित अनुरोध गरिएकोमा अवउप्रान्त उक्त प्रतिवेदनहरु सम्वन्धित प्रदेशमा नै वुझिलिई हिसाव भिडानको कार्य गरिने र स्थानीय तहका लागि तयार गरिएको विद्युतीय लेखा प्रणालीलाई MARS को Component 1 को रुपमा प्रयोग हुने गरी अभिमूखीकरण प्रशिक्षण कार्यक्रम गर्न यस शाखाको च.नं.२३० मिति २०७४।०७।१५ को पत्रबाट तोकिएकोमाा निकट भविष्यमा हुने निर्वाचन कार्यकमलाइ मध्य नजर गरी प्रदेश नं १ र २ को कार्यक्रम निम्नानुसार संशोधन गरिएकोले सोही अनुसार कार्यकममा सहभागी हुदा गाउँसभा तथा नगरसभाले पारित गरेका वार्षिक कार्यक्रम तथा योजनाको विवरण र ल्यापटप अनिवार्य रुपमा लिई आउन यस मन्त्रालयको उपरोक्त मितिको पत्रमा उल्लेख भए अनुसार आ.व. ०७३।७४ को राजश्व, धरौटी, विनियोजन, खर्च, भौतिक सम्पति सवैको पूर्ण विवरणहरु लिई नगरपालिका र गाउँपालिकामा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुखलाई अनिवार्य उपस्थितको लागि अनुरोध गरिएको छ । जिल्ला समन्वय समितिका आर्थिक प्रशासन शाखा प्रमुखलाई उक्त कार्यकममा हाल सम्मको असुल गर्ने, पेश्की फछर्यौट गर्ने, नियमति गर्ने र अन्य बेरुजुको विवरण सहित कूल बेरुजु र फछर्यौटको विवरण समेत लिई उपस्थित गराई दिनु हुन अनुरोध छ । यस अभिमुखीकरणमा सहभागि हुन आउने कर्मचारीहरुले दैनिक भत्ता तथा भ्रमण खर्च सम्वन्धित कार्यरत कार्यालयवाट भुक्तानी पाउने व्यवस्था समेत जानकारीको लागि अनुरोध छ ।

<u>प्रदेश नं. १ , कार्यक्रम सञ्चालन हुने स्थान :</u> हिसाव भिडान, सफ्टवेयर र स्थानीय तहको आर्थिक कार्य प्रणाली सम्बन्धी तालिमको समय पछी तोकिने छ ।
सम्पर्क व्यक्ति : लेखा अधिकृत, श्री हिमलाल अधिकारी : ९८५११६६३०७

<u>प्रदेश नं. २ , कार्यक्रम सञ्चालन हुने स्थान</u> :- जिल्ला समन्वय समितिको सभाहल पर्सा ।
मिति :- २०७४/०८/०४ गतेदेखि ०६ गतेसम्म ।
सम्पर्क व्यक्ति : लेखा अधिकृत, श्री बसन्त राज पौडेल : ९८४२६२६४८४

अन्य प्रदेशहरुको कार्यकम यस शाखाको प.स. २०७४।०७५ च.नं. २३० मिति २०७४।०७।१५ को पत्रानुसार नै संचालन हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

०७४/७/१६

हिमलाल अधिकारी
लेखा अधिकृत

**वोधार्थ**
श्री सूचना तथा विद्युतीय सुशासन शाखा : मन्त्रालयको Web Site मा राखिदिनुहुन ।